परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily
राष्ट्रिय दैनिक




वर्ष : ३ अंक : ३५१ पष्ठ ४ २०८२ असोज २० गते, सोमबार 6-october, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## मधेश डुबिरहदा

# उपेन्द्र यादव पार्टी प्रवेशमा व्यस्त



● टक नेपाल

शनिवारदेखी नै मुसलधारे वर्षाका कारण सप्तरी लगायत मधेशका आठवटै जिल्ला डुबानमा छ। आइतवार विहानवाट त झन संकटपूर्ण अवस्था सृजना भयो । कोसी व्यारेजमा बढ्दो पानीको वहाव र जिल्लाका प्रायजसो सबै पालिकामा वर्षा र वाढी ले सर्वसाधारण संकटमा रहदा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव भने आइतवार दिनभरी सप्तरी मा अन्य पार्टीवाट आफ्ना पार्टी मा नेता कार्यकर्ता भित्र्याउन व्यस्त रहे ।

सप्तरीको खडग नगरपालिका ८ भदैयाको कवर्डहलमा आइतवारआयोजित शुभकामना आदानप्रदान तथा वृहत पार्टी प्रवेश कार्यक्रममा प्रमुख अतिथी रहे का जसपा नेपालका अध्यक्ष यादवले अबीर , माला र गम्छा लगाउँदै अन्य पार्टीका कायकर्तालाई आफ्नो पार्टीमा भित्र्याउने कार्यमा लागिरहे ।

मुसलधारे वर्षाका वीच डुवान कटान बढेको र उद्धार तथा राहत कार्यमा सुरक्षाकर्मी सहित अन्य सर्वसाधारण लागिरहेका वेला पार्टी उपाध्यक्ष तथा राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, प्रदेश सभा सदस्य अनिरुद्र प्रसाद सिंह , जिल्ला अध्यक्ष केदार यादव, वोदेवरसाइन नगरपालिका का नगरप्रमुख आतेशकुमार सिंह सहित आफ्ना पार्टीका केन्द्रीय र जिल्ला स्तरीय नेतासहित अध्यक्ष उपेन्द्र यादव सजिएको मंचमा आसन ग्रहण गर्दै पार्टी मजवुतीकरणको नाममा अवीर माला र गम्छा ओढाइरहे, पार्टीमा भित्र्याइरहे ।

अबेर साँझ सम्म कार्यक्रमलाई सम्बोधन गर्दै यादवले बाढीको पीडा भन्दा पनि काँग्रेस कम्युनिष्ट खराब भएको र राजनैतिक भाषण गरिरहे ।

## अहिलेको कठिन घडीमा

# प्रदेश सरकार नागरिकसँगै छः मुख्यमन्त्री सिंह



● टक नेपाल

मधेस प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले नागरिकलाई सुरक्षित रहन र सतर्कता अपनाउन आग्रह गरेका छन् ।

मुख्यमन्त्री सिंहले आज विज्ञप्ति जारी गर्दै वर्षा र बाढीले सिर्जना गरेको यो चुनौतीपूर्ण परिस्थितिमा सुरक्षा निकाय नागरिकको सुरक्षाका लागि पूर्ण रूपमा सक्रिय र प्रतिबद्ध रहेको बताएका छन् ।

उनले प्रदेश सरकार मातहतका सबै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूलाई संवेदनशीलता बुझी जिम्मेवारीपूर्वक सेवा प्रवाहमा सक्रिय रहन निर्देशन दिइएको पनि बताए । उनले थपे, 'नागरिकको ज्यान र सम्पत्तिको सुरक्षाका लागि राहत, उद्धार र सहयोगका कार्यहरू निरन्तर भइरहेका छन्, र कुनै पनि अमूल्य मानव जीवनको क्षति नहोस् भन्ने कामना गर्दछु ।'

मुख्यमन्त्री सिंहले अगाडि भनेका छन्, ' यो कठिन घडीमा प्रदेश सरकार तपाईंका साथ छ। हामी सबै मिलेर यो विपद् पार गर्नेछौं। एक अर्काको सहयोग र एकताको भावना हाम्रो सबैभन्दा ठुलो शक्ति हो । सुरक्षित रहनुहोस्, सतर्क रहनुहोस्। सुरक्षा, राहत र पुनः स्थापनाका प्रत्येक कदममा प्रदेश सरकार नागरिकसँगै छ ।'




# बाढीले जलेश्वर जलमग्न

● नागेन्द्रकुमार कर्ण



लगातार दुई दिनदेखि परिरहेको अविरल वर्षाको कारण महोत्तरी जिल्लाको विभिन्न क्षेत्रहरुमा बाढी र डुबान बढेको छ । बाढीको पानी जिल्लाको सदरमुकाम जलेश्वरमा पस्दा सडक जलमग्न भएको छ भने केही घरहरुमा पानी पसेको छ ।

दुई दिनदेखि लगातार परिरहेको पानीको कारणले नदीहरुमा जलस्तर बढ्नुका साथै तटबन्धहरु कटान गर्न थालेका हुन् । लगातारको पानीको कारणले जिल्लामा रहेको रातो, जंग्हा, माढा, विग्ही, गेरुकी, कुटमेश्वरी लगायतका दर्जनभन्दा नदीहरुमा जलस्तर बढेको छ ।

जिल्लाको दुःख भनेर चिनिने रातो नदिको रतवारमा २० मिटर बाँध कटान भएको छ भने जलेश्वर नगरपालिका वडानं. ३ को धवौलीमा सशस्त्र प्रहरी चेकपोष्टभन्दा दक्षिणमा ३५ मिटर बाँध कटान गरिएको छ । रतवाराको तटबन्ध कटानले पानी सोझै सदरमुकाम जलेश्वर प्रवेश गरेको छ । जसको कारण जलेश्वरको महादेव मन्दिर क्षेत्र तथा जलेश्वरको अस्पताल चोक डुबानमा परेका छन् । धवौलीमा काटिएको तटबन्धको पानी सोही वडाको खैरातर्फ सोझिएको छ ।

जलेश्वरमा बाढीको पानी प्रवेश भएको र ढल जामको समस्याले दुई फिटभन्दा बढी पानी जमेको जलेश्वर नगरपालिका वडानं. २ का युवा मुकेश पासवानले बताउनुभयो । जलेश्वर नगरपालिकाको विभिन्न ठाउँमा शहरीकरणको लागि ढलसहितको सडक बनाईए पनि ढल जाम हुने गर्दा सडकमै दुईफिटभन्दा बढी पानी जमेको युवा पासवानको भनाई थियो ।

स्थानीय दैवी प्रकोप उद्धार समितिले शनिबारदेखि नै जनचेतना थालेको तथा बाढी आउन सक्ने सम्भावित क्षेत्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना परिचालन गरिएको छ । जिल्लाको एकडारा गाउँपालिका वडा ६ वगेयामा तटबन्ध भत्किदाँ एकडारा गाउँमा पानी पसेको छ जसको कारणले धेरै घरहरुमा पानी पसेको जनाइएको छ । बाढीको पानीको कारण जलेश्वर बर्दिबास सडकखण्डबाट पानी बगेको छ ।

बाढीको कारण जिल्लाको औरही नगरपालिका वडानं. २ मा समेत १५ वटा घरहरुमा क्षति पुगेको स्थानीय युवा प्रेमबाबु यदुवंशीले जानकारी दिनुभयो । बलवा नगरपालिकाको बस्तीमा समेत बाढी पसेपछि सुरक्षाकर्मीहरुले स्थानीयहरुलाई उद्धार गरेका छन् । अहिले पानी पर्न रोकिएको भए पनि नदीहरुमा पानी बहावको कारणले पानी बढ्ने क्रम जारी रहेको जनाइएको छ।

यसैबीच, जिल्लाको विभिन्न ठाउँमा गरिएको तटबन्ध कटानले मटिहानी नगरपालिकाको वडानं. ९ सिमरदही बस्तीमा समेत पानी पसेको छ। जलेश्वरको वडानं. १, २, ३, ४ र ५ समेत प्रभावित बनेको छ ।

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### चेतावनीलाई
### बेवास्ता गर्नु घातक लापरबाही

प्रकृतिको उग्र रूपले अहिले देशभर त्रास पैदा गरेको छ। लगातारको वर्षा, बाढी र पहिरोले जनजीवन अस्तव्यस्त बनेको छ। जल तथा मौसम विज्ञान विभाग र विपद् व्यवस्थापन प्राधिकरणले पटक–पटक सतर्कता सूचना जारी गरिरहेका छन्–तर नागरिकको व्यवहारमा त्यसको असर देखिँदैन। सरकारले अत्यावश्यक बाहेक लामो दूरीको यात्रा नगर्न आग्रह गरे पनि, धेरैले जोखिमपूर्ण यात्रामा निर्भीकतापूर्वक निस्किरहेका छन्।

यही बेवास्ता दुर्घटनाको प्रमुख कारण बन्दै आएको छ हरेक वर्ष मनसुनसँगै भ्याप्ले खोला, शिमलताल, सिद्धबाबा वा मुगुका दुर्घटनाहरूले डरलाग्दो उदाहरण दिएका छन्। ती घटनाहरूले सतर्कताको महत्व सम्झाएका थिए, तर हामीले सिकेनौं। चेतावनीलाई औपचारिकता ठानेर बाढी र पहिरोको जोखिममा यात्रुहरू निस्किनु केवल व्यक्तिगत लापरबाही होइन, यो सामूहिक जिम्मेवारीबोधको अभाव हो।

दुर्घटनाको पाठ भोगेर होइन, चेतेर सिकिनुपर्छ। जीवन एकपटक मात्रै पाइन्छ, त्यसैले जोखिमसँग खेल्नु मूर्खता हो। राज्यले मौसम सूचना र सडक सुरक्षामा सुधार गर्नुपर्नेछ, तर नागरिकले पनि चेतनासाथ सावधानी अपनाउनेपर्छ। दुर्घटनाबाट जोगिन सबैभन्दा ठूलो उपाय भनेकै चेतावनीलाई गम्भीरताका साथ लिनु हो।

अब सोच बदल्ने समय आएको छ– “भएपछि सिकौंला” होइन, “सिकेर बचौं।” अत्यावश्यक बाहेक अनावश्यक यात्रा नगरी, सरकार र विज्ञहरूको सूचनालाई पालना गर्नु नै सुरक्षाको पहिचान हो। किनभने दुर्घटना कुनै दोस्रो मौका दिने विषय होइन, जीवन रक्षाको चेतावनी हो।

# पर्यटन सुस्ताउने जोखिम

• टक नेपाल

भदौ २३ र २४ गतेको आन्दोलनले नेपाल भ्रमणमा रहेका कुनै पनि पर्यटकको जिउधन तलवितल परेन । विश्वका कतिपय विद्रोह तथा आन्दोलनमा पर्यटक नराम्ररी प्रभावित हुने गर्छन् । आन्दोलनका बेला नेपाल भ्रमणमा रहेका पर्यटकलाई केही दुःखपीडा त भयो नै । हिल्टन जस्तो होटेल जल्यो । त्यहाँ बसिरहेका पर्यटकलाई सकुशल व्यवस्थापन गर्न कम कठिन कहाँ भयो होला र ? पर्यटकले दुःखपीडा झेले पनि दुःखद खबर आउने गरी कुनै हताहती नहुनु भने सन्तोषको विषय हो । पर्यटन उद्योगले क्षति भने ठुलै बेहोर्‍यो । नेपालमा पर्यटन सिजन सुरु हु नै लाग्दा नवपुस्ता अर्थात् जेनजी विद्रोहका कारण धेरै

पर्यटकले यो सिजनमा नेपाल आउने योजनामा फेरबदल गरे । जेनजी विद्रोहको ताजै रहँदा असोज १७ गतेदेखि तीन दिनको अविरल वर्षाले पर्यटकलाई अझ ठुलो दुःख दियो । पदयात्रामा रहेका हजारौँ पर्यटकले पीडा भोग्नु पर्‍यो । हिमाल आरोहणका कतिपय योजना रद्द भए । बाटोघाटो बिग्रिए । विमान सेवा अवरुद्ध भए । लुक्ला जस्तो दिनमै दर्जनौँ उडान हुने विमानस्थल अवरुद्ध हुँदा पर्यटकलाई ठुलो सास्ती भोग्नु पर्‍यो ।  पछिल्ला यस्ता परिवेशले नेपालको पर्यटन उद्यम सुस्ताउने जोखिम बढेको छ । जोखिम न्यूनीकरणका निम्ति पर्यटक पुनः आकर्षणका नीति, योजना र कार्यक्रम ल्याउनुपर्ने आवश्यकता देखिएको छ ।

जेनजी विद्रोहका कारण नेपाल आउने योजनामा रहेका पर्यटकले धमाधम प्याकेज रद्द गरेको पाइयो । असोज लागेसँग शारदीय मौसम पर्यटकको सिजन मानिन्छ । यताका वर्षमा असोज लागेपछि झनै बर्सातको उर्लंदो रूप देख्न थालिएको छ । गत वर्षको असोज १० देखि १२ गतेसम्म त काठमाडौँ उपत्यका र वरपर वर्षाले वितण्डा नै मच्चाएको थियो । कैयौँको ज्यान गयो । ४६ अर्ब रुपियाँ बराबरको पूर्वाधार क्षति भयो । त्यतिबेला क्षति भएको सडक पूर्वाधर अझै बन्न सकेको छैन । फेरि यो वर्षको असोज १७ गतेदेखिको बर्सातले सडक र पुल पूर्वाधारको क्षति तीव्र बनाएको छ । आन्दालनकै कारण कतिपय पर्यटकीय गन्तव्य सिजन लाग्नु सुरु गर्दा सुनसासन जस्तै थिए । नेपाल आउने पर्यटकको आगमन कमीले चहलपहल घट्ने नै भयो । त्यसमा पनि प्रतिकूल मौसमले फेरि पर्यटन व्यवसायमा ठुलो असर परेको छ ।

नेपाल पर्यटन बोर्डका अनुसार नेपाल आउने पर्यटक जेनजी आन्दोलका कारण ३० देखि ४५ प्रतिशतले कमी आयो । नेपालमा पर्यटन सुरु हुनै लाग्दा विश्व पर्यटन दिवस पनि पर्छ । हरेक वर्ष २७ सेप्टेम्बरमा मनाइने पर्यटन दिवस नेपालमा पनि यो वर्ष खल्लो तरिकाले केही दिनअघि मनाइयो । पर्यटन दिवस  पर्यटकीय प्याकेजमा सेवाप्रदायकले आकर्षिक सुविधा र छुट दिएर अकर्षित गने अवसर पनि हो । यो वर्ष अघिल्ला वर्ष जस्तो उल्लास रहेन । विदेशी पर्यटक नै धेरै आएका थिएनन् । आन्दोलनका कारण गत वर्षको तुलनामा पर्यटकको आगमनमा यो वर्षको सेप्टेम्बरमा कमी आयो । गत वर्ष असोजको पहिलो हप्ता पर्यटकको सङ्ख्या तीन हजार चार सय हाराहारी थिए तर यो वर्ष सोही अवधिमा एक हजार छ सय हाराहारी मात्र आएको देखियो । यसले पनि पर्यटकीय सिजनकै आरम्भमा नेपालमा बाह्य पर्यटन आगमनमा प्रतिकूल असर परेको स्पष्ट देखिन्छ । जेनजी आन्दोलनको दुष्प्रभावबाट थलिएको पर्यटन असोज १७ पछिको बर्सात, डुबान, बाढी र पहिरो अर्को वज्रपात भयो । यसले नेपालको पर्यटन व्यवसाय थप नकारात्मक सन्देश जान सक्ने देखिएको छ ।

यो बेला बाह्य पर्यटनको सिजन मात्र त सुरु हुने होइन, आन्तरिक पर्यटनको पनि चहलपहल बढ्ने बेला हो । धेरै नेपाली, विशेष गरी युवाले दसैँतिहारका बिदालाई घुमफिरको संस्कृतिमा रूपान्तरण गर्न थालेका थिए । पदयात्रा पर्यटनमा रमाउने बेला पनि हुँदै थियो । कतिपय आन्तरिक पर्यटनका क्रममा यो बर्सातले पदयात्रामै अड्किए । केही युवा बेपत्ता भए । यसले पनि पर्यटन व्यवसायमा प्रतिकूल असर पर्न थालेको छ । बर्सात सकिने, जाडो सुरु नहुने, आकाश खुल्ने र हिमाल र प्राकृतिक मनोरम देखिने कारण नै असोज, कात्तिकलाई नेपालमा पर्यटक सिजनका रूपमा लिने गरिन्छ । यो वर्ष अति नै प्रतिकूल मौसम भयो । त्यसले धेरै असर परेको छ । काठमाडौँ उपत्यका जोड्ने मूल राजमार्ग सबै अवरुद्ध हुन पुगे । खुलाउन समय लाग्नु स्वाभाविक हो । यसले पर्यटनमा दीर्घकालीन असर परेको छ । बडादसैँका अवसरमा गाउँघर पुग्ने र काममा सहरबजार फर्कने यात्रुले ठुलो दुःख पाए । सायद यस्तो दुःख र पीडा विगतमा कमै भोगिएको थियो । पर्यटन क्षेत्रमा यो असर कम गर्न धेरै मेहनत गर्नु पर्छ ।

सोज १७ पछिको सडक अवरोधले दुई/तीन दिनमा लाखौँ यात्री प्रभावित भए । यो अवरोधमा बाह्य पर्यटक पनि परेका छन् । नेपाल पर्यटन बोर्डका अनुसार त हाल नेपालमा करिब २० हजार विदेशी पर्यटक काठमाडौँसहित देशभरका विभिन्न क्षेत्रमा रहेका छन् । यो जटिल अवस्थामा पर्यटकको सुरक्षा तथा सहयोगमा स्थानीय समुदाय, पर्यटन व्यवसायी र सम्बन्धित निकायको ठुलो भूमिका हुने छ । पर्यटकलाई खाना, बास र आवश्यक सहयोग उपलब्ध गराउनु आवश्यक छ । कतिपय ठाउँमा मूल्यवृद्धि नगरी सहयोगी भाव देखाउन पनि आवश्यक छ । कतिपय विदेशी पर्यटकले आफूखुसी यात्रा गर्दा पनि समस्या भएको छ । खोज र उद्धारमा समस्या भएको छ । त्यसैले हुनु पर्छ, पर्यटन बोर्डले विदेशी नागरिकलाई नेपालको कानुन अनुसार दर्ता भएका ट्राभल कम्पनी र लाइसेन्स प्राप्त गाइडसँग मात्र यात्रा गर्न सुझाव पनि गरेको छ । यात्रापूर्व गन्तव्य र सडक अवस्थाको जानकारी लिनु आवश्यक हुन्छ ।  यसमा पर्यटन बोर्डको भूमिका र सञ्चार आवश्यक हुन्छ । त्यस्तै पर्यटक पथप्रदर्शकको भूमिका पनि महत्वपूर्ण हुन्छ । उनीहरूको सहयोगमै पर्यटक पदयात्रालगायतमा जानु उचित हुन्छ ।

सङ्कटका बेला विदेशी पाहुनालाई सहयोग अपरिहार्य हुन्छ । पाहुनाको सुरक्षा र सहजता नेपाल र नेपालीको पहिलो प्राथमिकता हुनु पर्छ । कम लगानीमा बढी प्रतिफल दिने पर्यटन व्यवसाय सुस्ताउँदा मुलुकको अर्थतन्त्रमा गम्भीर र बहुआयामिक दुष्प्रभाव पर्ने छ । नेपालको अर्थतन्त्रमा कृषि, जलस्रोत र पर्यटननै मूल खम्बा हुन् । आर्थिक समृद्धिको महत्वपूर्ण पर्यटन थला पर्‍यो भने यसले थप बेरोजगारी बढाउने छ । नेपालको मुहार फेर्ने क्षेत्र पर्यटन क्षेत्र नै हो । कोभिडअघि वार्षिक पर्यटन आगमन वार्षिक १२ लाख हाराहारी पुगेको थियो । वार्षिक २० लाख पुर्‍याउने लक्ष्य थियो तर कोभिडले संसारभरि नै पर्यटन व्यवसायलाई थला बसायो । संसारभरकै पर्यटन व्यवसाय सुस्तायो । धेरै मुलुकले कोभिडको चार/पाँच वर्ष अर्थात् २०२३ पछि पहिलेकै अवस्थामा पुर्‍याउन सक्षम भए । नेपालमा भने अझै पनि पूर्ववत् अवस्थामा पुर्‍याउन सकिएको छैन । वार्षिक १० लाख हाराहारीमै सीमित रहेको पर्यटन आगमन पछिल्ला घटनाक्रमले अझै खुम्चने जोखिम बढेको छ ।

नेपाल पर्यटनको ठुलो सम्भावना भए पनि त्यसको प्रभावकारी सदुपयोग गर्न सकिएको छैन । कुल गार्हस्थ उत्पादनमा तीन प्रतिशतको हाराहारीमा योगदान रहेको पर्यटन रोजगारी र स्वरोजगारीको महत्वपूर्ण र विस्तारित क्षेत्र हो । पर्यटनलाई गाउँस्तरदेखि सहरी अर्थतन्त्रसम्म थप विस्तार गर्न सकिने अनन्त सम्भावना छ । पछिल्लो दशकमा होटेल, रिसोर्ट, होमस्टे, पर्वतीय पदयात्रा, हिमाललगायतका माध्यमबाट पर्यटकीय सुविधा र गन्तव्य बढे पनि पनि पर्यटक सङ्ख्यामा भने सो अनुरूप विस्तार हुन सकेको छैन । नेपालमा वार्षिक ३५ लाख बाह्य पर्यटक स्वागत गर्न सक्ने होटेल पूर्वाधार बनिसकेको भनिन्छ । होटेल, रिसोर्टलगायतका आवासको पूर्वाधारमा लगानी यताका वर्षमा झनै व्यापक हुँदै छ । मौजुदा तीन प्रतिशतबाट कुल गार्हस्थ उत्पादनमा वार्षिक १० प्रतिशतको योगदान पुर्‍याउन सकिने लक्ष्यमा अब पर्यटनमैत्री नीति, योजना र कार्यक्रमका साथ काम गर्नु जरुरी छ ।

नेपाली मौलिकता झल्कने गरी पर्यटन पूर्वाधार विस्तारलाई जोड दिनु आवश्यक छ । युरोप र अमेरिकाका गुणस्तरीय पर्यटक आकर्षण गर्न त्यसै अनुसारका पर्यटकीय उत्पादन आवश्यक पर्ने छ । यताका वर्षमा भारत र चीनबाट ठुलो सङ्ख्यामा पर्यटक आइरहेका छन् । त्यसलाई अझ बढाउन सकिने छ । ठुलो सङ्ख्यामा पर्यटक ल्याउने नीतिसँगै बढी खर्च गर्ने, बढी समय नेपालमा बिताउने गुणस्तरीय पर्यटक पनि ल्याउनु जरुरी छ । पर्यटकलाई नेपाली उत्पादनमै रमाउने वातावरण पनि बनाउनु आवश्यक छ । आयातित खाना, बसोबासका नाना र पूर्वाधारले मात्र पर्यटक प्रवर्धनमा सहयोग हुन सक्दैन । देशीय उत्पादन र मौलिकतामा ध्यान दिनु जरुरी छ ।

नेपालमा पर्यटन ल्याउन सक्ने अनेक विविधता छ । अनुपम प्राकृतिक सुन्दरता, भौगोलिक विविधता, पुरातात्त्विक सांस्कृतिक सम्पदा एवं धार्मिक, भाषिक र जातीय विविधतायुक्त आकर्षण मुलुकका सम्पत्ति हुन् । यी सबै विशेषताको संयोजन अन्य मुलुकसँग कमै मात्र छ । यसले नेपाललाई विश्व पर्यटनको आकर्षणको बन्न सक्ने छ । पर्यटनको व्यापक प्रवर्धन र अन्तर्राष्ट्रिय बजारीकरणलाई तीव्रता दिन जटिल अवस्थामा प्रवर्धनतर्फ झनै ध्यानु पर्छ । सन् २०२३ देखि २०३२ लाई पर्यटन दशक भनिएको छ । वार्षिक ३५ लाख पर्यटक ल्याउने लक्ष्य पनि छ तर त्यस अनुरूपका पर्यटनमैत्री योजनाको कमी छ । देशबाट झन्डै ८० लाख नेपाली बाहिर छन् । रोजगारीको अभावमै नेपाली युवा बाहिर जानु परेको छ । अहिलेको नवपुस्ताको आन्दोलनको मुख्य माग देशभित्रै रोजगारी सिर्जना हो । पर्यटनलाई कृषिसँग आबद्ध गर्दै अगाडि बढ्दा रोजगारी र स्वरोजगारी व्यापक हुन सक्ने छ । यसमा सरकार र सम्बद्ध निजी क्षेत्रको समयमै ध्यान जानु जरुरी छ । जेनजी आन्दोलन र पछिल्लो बाढी, पहिरो र बर्सातले सुस्ताएको पर्यटनलाई लयमा ल्याउन एकीकृत पर्यटनमैत्री कार्ययोजना वाञ्छनीय छ ।







# सुनसरीमा १ हजार ३ सय बढी घर डुबानमा

टक नेपाल



लगातारको वर्षाले सुनसरीमा १ हजार ३ सयभन्दा बढी घर डुबनमा परेका छन्। वर्षातका कारण बाढी, डुबान र पहिरोका कारण यहाँको जनजीवन अस्तव्यस्त बनेको छ।

सुनसरीको धरान, इटहरी, इनरुवा, बराहक्षेत्र, रामधुनी र भोक्राहा नरसिंहलगायतका स्थानमा बाढी र पहिरोले क्षति पुऱ्याएको जिल्ला प्रहरी कार्यालय सुनसरीका डीएसपी योगराज खतिवडाले बताएका छन्। उनका अनुसार दर्जनौं ठाउँमा सडक अवरुद्ध भएका छन् । डुबानका कारण सयौं स्थानीयलाई सुरक्षित ठाउँमा सारिएको छ। कोशी लोकमार्गको धरान-भेडेटार सडकखण्ड र धरान-२० विष्णुपादुका-सागुरीगढी सडकखण्डमा पहिरो झरेर सडक अवरुद्ध भएको छ। मधुवन प्रहरी चौकीको कार्यालय भवनमा समेत पानी पस्दा क्षति पुगेको डीएसपी खतिवडाले बताए।

इनरुवा नगरपालिका-९ मा करिब १२० घर र इनरुवा-१० मा ७० घर बाढीले प्रभावित छन्। जाल्पापुर क्षेत्रमा मात्रै ३०० घर डुबानमा परेका छन् भने करिब ६० घरका बासिन्दा आफन्तकोमा आश्रय लिएर बसेका छन्। इनरुवा नगरपालिका-४ मरिक टोलमा सुनसरी खोलाको बाढी पस्दा २० घर र जानोद्दय आधारभूत विद्यालय डुबानमा परेको छ। इनरुवा नगरपालिका-८ गौरी टोलमा पनि २० घरमा डुवानमा परेका छन्। बराहक्षेत्र नगरपालिका क्षेत्रमा करिब १६० घर डुबानमा परेका इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक दिवस कुँवरले बताए। उनले घर डुवान भएपछि बराहक्षेत्र-७ पानी टंकी क्षेत्रका चार घरका बासिन्दा छिमेकीकोमा आ श्रय लिएर बसेको बताए। बराहक्षेत्र-८ दोभान खोलाले स्थानीय ४५ वर्षीय नवराज उरावलाई बगाएको छ। उनको अवस्था अझै पत्ता लाग्न सकेको छैन। बराहक्षेत्र नगरपालिका-४ स्थित ३३ बिघा क्षेत्रमा सर्दु खोलाले हाइटेन्सन टावरतर्फ कटान गरेको छ ।

भोक्राहा नरसिंह गाउँपालिका-५ मा करिब ३०० घर डुबानमा परेका छन्। उद्धारका लागि प्रहरी निरीक्षकको कमाण्डमा टोली परिचालित भई टपरा, डोरी र ट्यूब प्रयोग गरेर डुबानमा परेकाहरूको उद्धार गरिएको डीएसपी खतिवडाले बताए। भोक्राहा नरसिंह गाउँपालिका-१ धार्मिक्ता टोलमा सुनसरी खोलाको बाढी पस्दा २० घर जलमग्न भएका छन्।

भोक्राहाकै कार्डियो न्युरो अस्पतालमा पनि डुबान हुँदा चिकित्सकहरू अस्पताल प्रवेश गर्न सकेका थिएनन् । सशस्त्र प्रहरीले बोटमार्फत चार-पाँच जना चिकित्सकलाई अस्पतालभित्र पुऱ्याएका थिए।

रामधुनी नगरपालिका-६ र ७ को पंचायन क्षेत्रमा करिब २० घर डुबानमा परेका छन्। इटहरी-५ का डुम र सुकुम्बासी टोलमा गरी १० घर डुवानमा परेको प्रहरीले जनाएको छ। बाढी र पहिरोको जोखिम बढेको स्थानमा फसेकाहरूलाई प्रहरी, सशस्त्र प्रहरी र स्थानीयले उद्धार गरी सुरक्षित स्थानमा लगेका थिए। पीडितहरूलाई राहत वितरण नगरिएका कारण उनीहरूको अवस्था नाजुक बनेको छ। पानी घटेपछि मात्रै क्षतिको यकिन विवरण आउन सक्ने सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले बताए।

देशैभर बाढी-पहिरो, इलाममा ३७ को मृत्यु

दसैंमा सक्रिय भएको मनसुन र पश्चिमी वायुको प्रभावले देशभरका विभिन्न ठाउँमा भारी वर्षा भएको छ। बाढी-पहिरोमा परी देशभर कम्तीमा ५२ जनाको मृत्यु भएको छ भने इलाममा मात्र आइतबार साँझसम्म ३७ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामका डीएसपी लक्ष्मी भण्डारीले जानकारी दिएका छन्। उनका अनुसार १ जना बेपत्ता छन्।

इलामका विभिन्न स्थानमा गएको पहिरो र बाढीका कारण मृत्यु हुनेको संख्या लगातार बढ्दै गएको छ। बाढी-पहिरोमा परी २० जना घाइते भएको डीएसपी भण्डारीले बताए। उनले घटनास्थल बिकट र प्रहरी पुग्न नसकेका कारण यकिन विवरण प्राप्त गर्न नसकिएको बताए। लर्गीइलाम नगरपालिका-६ मा गएको पहिरोमा फसेकाहरूको उद्धार गर्दै सुरक्षाकर्मीहरू।

इलामको माईजोगमाईमा ८ जना, देउमाई गाउँपालिकामा ८ जना, इलाम नगरपालिकामा ६ जना, सन्दकपुरमा ६ जना, माङ्सेवुङ गाउँपालिकामा ३ जना, सूर्योदयमा ५ जना, फाकफोकथुममा १ जनाको मृत्यु भएको डीएसपी भण्डारीले जानकारी दिए। मृतकहरू पाँचथर र दोलखा जिल्लाका विभिन्न भागबाट दसैंमा इलामामा पाहुना लाग्न आएका नागरिकलेसमेत ज्यान गुमाएका छन्। मृतकको पहिचान खुल्ने क्रम जारी रहे पनि अहिलेसम्म ३७ जनाको मृत्यु र एकजना नागरिक बेपत्ता भएको जिल्ला प्रशासन कार्यालय इलामले नामावली सार्वजनिक गरेको छ।

जसमध्ये मृतकहरूमा सुरेश लिम्बु (२८, फाकफोकथुम-३), मनमाया क्षेत्री (६५, सूर्योदय-१ मानेभञ्याङ), रमिका क्षेत्री (१०, सूर्योदय-१मानेभञ्याङ), दीप बस्नेत (४५, दोलखा), भवन्ती बस्नेत (४४, दोलखा), दिब्या बस्नेत (११, दोलखा), समिर देजाली (२३, इलाम-६), प्रवीण तामाङ (२३, इलाम-६), विराज पाठक तामाङ (२३, इलाम-६), अनु तामाङ (३२, झापा अर्जुनधारा-६), प्रिन्सिका मगर (८, माई-५), आवार दत्तुवर (३, झापा अर्जुनधारा-६), रोशन लिम्बु (२२, देउमाई-५), बबिसा राई (२२, देउमाई-५), दीपक लिम्बु (३०, देउमाई-५), ऋषिका लिम्बु (२७, देउमाई-५), दिपिका लिम्बु (९, देउमाई-५), सञ्जन लिम्बु (७, पाँचथर फाकफोटेप), सौरागत लिम्बु (११, पाँचथर फाकफोटेप), कृष्णमाया लिम्बु (५०, माईसेबुङ-१ पार्टी गाउँ), माया लिम्बु (५०, माईसेबुङ-१ पार्टी गाउँ) र नेहा राई (७, पाँचथर मिक्लाजुङ-९) छन्।

त्यस्तै, माईजोगमाई गाउँपालिका-६ ओडारे, माईजोगमाई-३ उयाख र सन्दकपुर गाउँपालिका-१ मा समेत पहिरोका कारण ठूलो जनधनको क्षति भएको छ। ती स्थानबाट मिमबहादुर राई (४३), हरिमाया राई (६६), देवी राई (७५), शेखर राई (४५), सारादा सेङ्दाई (७४), तारादेवी राई (४५), कृष्ण मगर (२८), किरण थेबे (२८), मनमाया थेबे (१८), मुस्सा थेबे (३), बमलाल सोडमी (५२), बुद्धमाया सोडमी (७०), धनबल सोडमी (४५), सरला सोडमी (४२) र प्रकृति सोडमी (१४) को मृत्यु भएको पुष्टि भएको छ।

जिल्ला प्रहरी कार्यालय इलामका डीएसपी भण्डारीका अनुसार अझै केही हराइरहेका छन् र उद्धार तथा खोजी कार्य जारी छ। इलामको माई, देउमाई, माङ्सेवुङ, सूर्योदय र सन्दकपुर क्षेत्रमा ठूलो संख्यामा घरहरू पुरिएको र बाढीले बगाएको प्रारम्भिक रिपोर्ट आएको उनले बताए।

इलामका विभिन्न स्थानमा भैतिक संरचनामा समेत क्षति पुऱ्याएको छ। इलाम नगरपालिका ९ र ११ जोड्ने पुवा खोलामा निर्माण गरिएको नयाँ बेलिब्रिज पूर्णरूपमा बगाएको छ। यस्तै माइजोङमाई गाउँपालिका-४ र इलाम नगरपालिका-१० जोड्ने जोगमाई खोलामा बनेको नयाँ बेलिब्रिज पनि बगाएको छ।

इलाम नगरपालिका-११ र माई नगरपालिका-१० जोड्ने माइखोला बेलासीस्थित पक्की पुल भाँचिएको छ। देउमाई र माङ्सेबुङलाई जोड्ने पुल पनि बाढीले बगाएको छ। इलाम नगरपालिका-९ र १२ जोड्ने पक्की पुल बाढीको उच्च जोखिममा रहेको छ। यसैगरी, माइखोला राजदुवाली क्षेत्र समेत बाढीको उच्च जोखिममा रहेको छ।

बाढी-पहिरोमा फसेकाहरूलाई स्थानीय प्रशासन, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका टोलीहरूले घटनास्थलमा खटिएर उद्धार गरेको कोशी प्रदेश प्रहरीका प्रवक्ता एसएसपी दीपक पोखरेलले बताए। उनले कोशी प्रदेश भरीबाट बाढी र पहिरोमा फसेका ५ सय ३२ जना नागरिकको उद्धार गरी उपचारका लागि अस्पताल पठाएको जानकारी दिए। लर्गी

वर्षाका कारण कोशी प्रदेशमा १६ वटा घरमा पूर्ण क्षति भएको र ५ हजार ९ सय २५ घरपरिवार बिस्थापित भएको एसएसपी पोखरेलले जानकारी दिए। उनले कोशीमा २६ हजार ९ सय ८४ जना बाढी-पहिरोबाट प्रभावित भएको बताए। अत्याधिक वर्षातका कारण सडक सञ्जाल अवरुद्ध भएको र सम्पर्क कटिएका बस्तीमा पुग्न समस्या भएको प्रहरीले बताएको छ। पहिरोले विद्युत् र सञ्चार अवरोध हुँदा राहत तथा उद्धार कार्यमा थप चुनौती आएको छ। स्थानीय निकायले प्रभावित परिवारलाई अस्थायी बसोबास र राहतको व्यवस्था गर्न थालेका छन्। पहिरो र बाढीबाट ज्यान गुमाउने र बिस्तापित परिवारलाई तत्काल सहयोग र राहत प्रदान गरी पुनर्स्थापना गर्न सरकारसँग माग गरेका छन्।




## मधेस सरकारको नेतृत्वमा लोसपा .................

पार्टीले पनि साथ दिन्छ भन्ने हामीलाई विश्वास छ,' उनले बताए।

जनमत मात्र होइन; एमाले, कांग्रेस, माओवादी, जसपा नेपाललगायत दलहरूले पनि आफूहरूलाई साथ दिनेमा विश्वस्त रहेको झाले बताए। यसअघि जति सरकार बने सबैमा आफ्नो पार्टीले सहयोग गरेको उनको भनाइ छ। र अब लोसपा नेपाललाई सहयोग चाहिने र सबैले सहयोग गर्नेमा आफू विश्वस्त रहेको उनले सुनाए।

गठबन्धन तथा मिलिजुली सरकार भएकाले कुन दलको कति सिट छन्, कुन दल सानो, कुन दल ठुलो भन्ने महत्त्व पनि नराख्ने उनको बुझाइ छ। विश्वास र सहयोगको कुरा नै महत्त्वपूर्ण रहेको पनि उनले बताए।

तर मधेसवादी दलको नेतृत्वमा मधेस प्रदेशको सरकार बनाउन सीके राउत कन्भिन्स भए पनि जसपा नेपाल पनि सँगै भएकाले उसले समर्थन गर्ने सम्भावना निकै कम हुन सक्छ।

बरु यसअघि जनमत नेतृत्वको सरकारलाई लोसपा नेपालले सहयोग गरेको थियो, तर जसपा नेपाल विपक्षमा बसेको थियो। त्यसैले जसपा नेपाल सम्मलित सरकारमा जनमत पनि नजाने सम्भावना देखिन्छ।



# खोलामा डुबेर वृद्धको मृत्यु, एकको उद्धार



• टक नेपाल

अविरल वर्षाले आएको बाढिले रौतहटमा एक वृद्ध महिलाको मृत्यु भएको छ । एक पुरुषको जीवितै उद्धार गरिएको छ।

माधवनारायण नगरपालिका -८ का हरिवंश रायको ७५ वर्षीय श्रीमती पन्मादेवी रायको बागमती खोलामा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

रायको घरदेखि २ किलोमिटर उत्तरपूर्वमा पर्ने बागमती खोलामा दाउरा टिप्ने क्रममा उहाँको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक राजु कार्कीले जानकारी दिनुभयो।

स्थानीय र प्रहरीको सहयोगमा मृतक रायको शव खोलाबाट निकालिएको उहाँले जानकारी दिनुभयो । यसैबिच गढिमाइ नगरपालिका -५ बागमती नदी किनारमा दाउरा टिप्ने क्रममा ६५ वर्षीय बिगनराय यादवलाई बागमती नदीले बगाउँदा स्थानीय र सशस्त्र प्रहरी बल सन्तपुरको सहयोगमा उद्धार गरिएको सशस्त्र प्रहरी बल रौतहटका सशस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारीले जानकारी दिनुभयो।

गढिमाइ नगरपालिका -१ स्थित भरत मेडिकल हलमा सामान्य उपचारपछि यादव घर फर्किनुभएको उहाँले जानकारी दिनुभयो।

# निरन्तरको वर्षाले जनजीवन प्रभावित,सम्पूर्ण उडान रद्द



• टक नेपाल

मधेश प्रदेशमा शुक्रबार साँझदेखि निरन्तर पानी पर्न थालेपछि कमला, कोशी, बलान, बागमती, लालबकैया, जलाद्धसहितका नदीमा पानीको सतह बढ्दै गएको छ। आमनागरिकको जनजीवनसमेत प्रभावित भएको हो।

वर्षा आगामी तीन दिनसम्म जारी रहने पूर्वानुमान गरिएकाले जोखिमबाट बच्नका लागि जिल्ला जिल्लामा स्थानीय प्रशासनले सूचना जारी गरी उच्च सतर्कता अपनाउन सबैमा आग्रह गरेको छ। स्थानीय प्रशासनले अति आवश्यक कामबाहेक घरबाट बाहिर ननिस्कन र आफू बसोबास गरेको क्षेत्रमा सुरक्षित रहन सबैमा अपिल गर्दै आएको छ।

विपत् व्यवस्थापनका लागि सबै स्थानीय तह, स्थानीय विपत् व्यवस्थापन समिति, सरकारी निकाय, निजी क्षेत्र र गैरसरकारी सङ्घ संस्थाले स्वीकृत मनसुन कार्ययोजना अनुसार पूर्वतयारी र प्रतिकार्यका लागि तयारी अवस्थामा रहेको छ। धनुषा समाचारदाताका अनुसार शनिबार बिहानदेखि लगातार वर्षा भएपछि जनकपुरधामबाट काठमाडौँका लागि उड्ने सम्पूर्ण विमान रद्द गरिएको छ। धनुषाको कमला नदीमा पानीको बहाव बढे पनि कुनै प्रकारको अप्रिय घटना नघटेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

सर्लाही समाचारदाताका अनुसार निरन्तर वर्षाका कारण सर्लाहीबाट काठमाडौँ जाने सवारीसाधन ठप्प भएको छ। शनिबार बिहान काठमाडौँ हिँडेका कतिपय मानिस बाटोबाटै फर्किएका छन् भने हिँड्न तयार भएर बसेका कतिपयको यात्रा अनिश्चित बनेको छ।

दसैं मनाएर शनिबार बिहान काठमाडौँ फर्कने गाडी बुक गरे पनि भारी वर्षाका कारण जानै नसकेको लालबन्दी नगरपालिका-९, बस्तीपुरका निराजन पोखरेलले बताउनुभयो। भारी वर्षाका कारण सर्लाहीसहित तराई क्षेत्रबाट काठमाडौँ जाने गाडी ठप्प भएका छन् भने लामो दुरीमा चल्ने अन्य गाडी पनि पातलो मात्रामा चलिरहेको छन्।

सार्वजनिक सवारीसाधनमा यात्रु कम देखिन्छन्। लगातारको वर्षाले सर्लाहीको चुरेवर्ती क्षेत्रमा पनि यातायातका साधन ठप्प छन्। ईश्वरपुर नगरपालिका-१२ का वडाध्यक्ष देवीबहादुर खत्री (शिव) ले प्रत्येक खोलामा ठुलो बाढी आएकाले चुरे भेगमा पैदल हिँडेरै जाने अवस्थासमेत नरहेको बताउनुभयो। भारी बर्सातले गर्दा सर्लाहीमा बिजुली अनियमित बनेको छ। अधिकांश स्थानमा मोबाइलको नेटवर्कसमेत अवरुद्ध हुँदा टेलिफोन सम्पर्कमै समस्या पैदा भएको स्थानीयले गुनासो गरेका छन्।

**बागमती र लालबकैयामा पानीको सतह बढ्दै**

चन्द्रपुर समाचारदाताका अनुसार वर्षाका कारण बागमती र लालबकैया नदीमा पानीको सतह निरन्तर बढ्दै गएपछि रौतहटका नदी किनारका बस्तीमा बाढीको जोखिम बढेको छ।

रौतहटको वृन्दावन, कटहरिया, राजपुर, गुजरा, ईशनाथ देवाही गोनाही, गरुडा, राजदेवी, गौर नगरपालिका र दुर्गा भगवती गाउँपालिका बाढीको उच्च जोखिम क्षेत्रका रूपमा रहेका छन्। सशस्त्र प्रहरी बल नेपाल रौतहटले जोखिमयुक्त क्षेत्रमा माइकिङ गर्दै नदी किनार क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न आग्रह गरिएको छ।

जिल्ला प्रशासन कार्यालय रौतहट, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाली सेना, स्थानीय तह र समुदायबिच समन्वय गरी उद्धारका लागि आवश्यक सामग्री तयारी अवस्थामा राखिएको सशस्त्र प्रहरी बल रौतहटका सशस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारीले जानकारी दिनुभयो। वृन्दावन नगरपालिका-१ मा नदी किनारमा रहेका १२७ घरधुरीलाई सुरक्षित स्थानमा सारिएको उहाँले बताउनुभयो।

त्यस्तै राजपुर नगरपालिकाका नगरप्रमुख डा. राजिक आलमले बाढीका कारण हुने सम्भावित जोखिमलाई दृष्टिगत गर्दै नगरवासीलाई उच्च सतर्कता अपनाउन आग्रह गर्नुभएको छ। लालबकैया नदीमा लगातार पानीको बहाव बढिरहेको कारण बाढीको जोखिम उत्पन्न भएकाले सजग भएर बस्न उहाँले आग्रह गर्नुभएको छ।

नगरप्रमुख डा. आलमले विपत् व्यवस्थापन समिति तथा सम्बन्धित निकायलाई तयारी अवस्थामा रहन आग्रह गर्नुभएको छ। साथै नदी आसपासका क्षेत्रमा अनावश्यक आवतजावत नगर्न, बालबालिकालाई घरबाहिर जान नदिन, स्थानीय प्रशासन वा प्रहरीको निर्देशन पालना गर्न अनुरोध गर्नुभएको छ ।

जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले विपत् आइपरेको अवस्थामा आवश्यक पर्ने उद्धारका सामग्री सम्बद्ध सबै निकायले तयारी अवस्थामा राख्न, सुरक्षा निकाय र आमसञ्चारका माध्यममार्फत आमनागरिकलाई सतर्कता अपनाउन जानकारी गराउने तथा स्थानीय विपत् व्यवस्थापन समितिलाई सक्रिय बनाउँदै जिल्ला विपत् व्यवस्थापन समितिका क्लस्टर लिड र क्लस्टर कोलिडले स्वीकृत प्रतिकार्य योजना अनुरूप तयारी अवस्थामा रहन अनुरोध गर्नुभएको छ।

उहाँले पूर्वपश्चिम राजमार्गको बागमतीदेखि धन्सार खोलासम्म रातको समयमा सवारीसाधन चलाउँदा स्थानीय सुरक्षा निकायसँग समन्वय गरेर मात्र यात्रा गर्न अनुरोध गर्नुभएको छ।

कल्याणपुर समाचारदाताका अनुसार वर्षाले सप्तरीका अधिकांश किसानलाई हर्षित बनाएको छ भने केहीलाई दुःखी पनि बनाएको छ। सिँचाइ सुविधा नभएका खडेरीबाट पीडित किसान अहिलेको वर्षाले हर्षित भएका छन् भने सिँचाइ सुविधा उपलब्ध रहेका र असारको अन्तिमतिर धानबाली लगाएका किसान भने केही दुःखी देखिएका हुन्।

असारतिर रोपिएको धानबाली पाकेर घर भित्र्याउने बेलामा वर्षा हुँदा नोक्सान उठाउनुपर्ने अवस्था आएको शम्भुनाथ नगरपालिका-७ का किसान जगदीश साहले बताउनुभयो। उहाँले सिँचाइ सुविधा नभएका र साउनको अन्तिमदेखि भदौको पहिलो सातासम्म धानबाली लगाएका किसानलाई अहिलेको वर्षाबाट निकै फाइदा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

रुपनी-४ का किसान रामरतन यादवले खेतमा धाँजा फाट्नै लागेका बेला भएको वर्षाले राम्रो उब्जनी हुने विश्वास व्यक्त गर्नुभयो। कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउत यो वर्षाबाट धानबाली उब्जनीमा वृद्धि हुने अपेक्षा व्यक्त गर्नुहुन्छ।

☛ विज्ञापन गानुपेमा
☛ ९८६३३२११४
☛ ९८०७८७८२११४
☛ दसौं तिहारमा विशोष छुट

### मधेस सरकारको नेतृत्वमा

# लोसपा नेपालको चाहना, जनमत पार्टी निर्णायक




• टक नेपाल

महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपालले मधेस प्रदेशको सरकारमा दाबी गरेको छ।

लोसपा नेपालका अध्यक्ष ठाकुर आफ्ना पार्टीका प्रदेश सभाका सदस्यसँग छलफल गरेपछि यस्तो दाबी गर्ने भएको हो। दसैँको बेला महोत्तरी पुगेका लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले पार्टीका प्रदेश सभाका सदस्यहरूसँग सरकार गठनबारे छलफल गरेका थिए।

मधेस प्रदेश सरकारमा पटक-पटक सहभागी भए पनि लोसपा नेपालले सरकारको नेतृत्व गरेको छैन। अब भने आफ्नो पार्टीले सरकारको दाबी गर्ने प्रदेश सभा सदस्य रामबाबु यादवले बताए।

'प्रत्येक सरकारमा एक-दुई वटा मन्त्रालय पाउँथ्यो तर त्यसले केही हुँदैनथ्यो,' यादवले भने, 'अब एक पटक सरकारको नेतृत्व लिएर नै अगाडि बढ्नुपर्ने बेला आएको छ।' पार्टीका सम्पूर्ण प्रदेश सभा सदस्यले अध्यक्ष ठाकुरलाई म्यान्डेट दिएको पनि यादवले बताए।

अध्यक्ष ठाकुर पनि यसमा सकारात्मक रहेकाले उनले यस विषयमा केन्द्रीय नेताहरूसँग छलफल गर्ने उनले जानकारी दिए। भने, 'हामीले अध्यक्षज्यूलाई सबै कुराको जानकारी गराइसकेका छौं, उहाँले अब केन्द्रीय नेताहरूसँग छलफल गरेर डिसिजन लिनुहुन्छ।'

जनमत पार्टीका मुख्यमन्त्री सतिशकुमार सिंह अल्पमतमा परेपछि मधेस प्रदेश सरकार नयाँ नेतृत्वबारे खोजी भइरहेको छ, जहाँ नेपाली कांग्रेसले पनि दाबी गरिरहेको छ।

कांग्रेसका मधेस प्रदेश अध्यक्ष एवं प्रदेश सभा सदस्य कृष्ण यादवले सरकार गठनको विषयमा लोसपा नेपालका अध्यक्ष ठाकुरसँग पनि कुरानी गरेका छन् । सरकार बनाउन उनले लोसपा नेपालको सहयोग मागेका छन्। त्यस्तै जसपा नेपालका नेता सरोज यादवले पनि आफ्नो नेतृत्वमा सरकार बनाउन लोसपा नेपालको सहयोग मागेका छन्। यद्यपि यसपटक लोसपा नेपाल आफैं सरकारको नेतृत्व लिने गरी कस्सिएको छ। सरकारको नेतृत्व नपाए प्रतिपक्षमा बस्ने लोसपा नेपालका नेताहरूले बताएका छन्।

मधेस प्रदेशमा लोसपा नेपालको ९ सिट छ। जसपा नेपालको १९, जनमत पार्टीको १३, माओवादी केन्द्रको ९, कांग्रेसको २२, एमालेको २५, नेकपा (एकीकृत समाजवादी) का सात जना छन्। त्यस्तै नेपाल संघीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का एक/एक जना प्रदेश सभा सदस्य छन्।

१०७ जना सदस्य रहेको प्रदेश सभामा सरकार बनाउन ५४ जना चाहिन्छ। कांग्रेस र एमाले मिले भने पनि सात जना अपुग हुन्छन्। कांग्रेस र एमाले मिलेर सरकार बनाए सीके राउत नेतृत्वको जनमतले साथ दिने बताएको छ।

एमालेले भने यहाँ मुख्यमन्त्रीमा दाबी गर्न छाडेको छ। एमालेबाट हालसम्म कसैले अगुवाइ गरेका छैनन्। कांग्रेस मधेस प्रदेश अध्यक्ष कृष्ण यादव भने आफै मुख्यमन्त्री बन्ने दौडधुपमा लागेका छन्।

जसपा नेपाल, लोसपा नेपाल, नागरिक उन्मुक्ति पार्टीलगायत दलहरूले मधेसमा मधेसवादी दलकै नेतृत्वमा सरकार बन्नुपर्ने भन्दै आएका छन्। ताई-मधेसकेन्द्रित दलहरूको संघीय लोकतान्त्रिक मोर्चाले पनि मधेस प्रदेशमा मधेसी दलको नेतृत्वमा सरकार बन्नुपर्ने र त्यसका लागि मोर्चाले पहल गर्ने निर्णय नै गरेको छ।

कांग्रेस-एमाले-जनमत मिले यहाँ सरकार बन्छ। तर बाँकी अन्य सबै दल मिले पनि त्यो सम्भव देखिँदैन। यी तीन दलबाहेक ४७ सांसद मात्र पुग्छन्। यसरी हेर्दा जनमत पार्टी नै निर्णायक देखिन्छ। लोसपा नेपालका महासचिव डा.सुरेन्द्र झाले आफ्नो पार्टीलाई जनमतले पनि साथ दिने विश्वास व्यक्त गरेका छन्।

'वर्तमान सरकार बनाउन लोसपा नेपालले पनि सहयोग गरेको हो, अहिलेसम्म समर्थन पनि फिर्ता लिएको छैन त्यही भएर अगामी दिनमा लोसपा नेतृत्वमा सरकार निर्माण हुँदा जनमत

बाकी पृष्ठ ३.....

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014